# जोरायल गाउँपालिका डोटीको

## सार्वजनिक सुनुवाइ कार्यक्रम

(आ.व.२०८०/०८१)

## कार्यक्रम प्रतिवेदन

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

सहजीकरण :
नजर मिडिया प्रा.लि.
सिलगढी, डोटी

आयोजक :
जोरायल गाउँपालिका
रावतकट्टे, डोटी

पृष्ठभूमि :

सेवाप्रदायक सार्वजनिक निकायहरुले पारदर्शी र जवाफदेही हुन सके सुशासन कायम हुनसक्छ, अन्यथा सुशासन कायम गर्न समस्या हुन्छ भन्ने कुरालाई ध्यानमा राख्दै सरकारले हरेक सार्वजनिक निकायहरुले अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने नीतिगत तथा कानूनी व्यवस्था गरेको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५ ले सार्वजनिक निकायहरुले प्रत्येक चार महिनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) ले स्थानीय तहले सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता विधिहरुको प्रयोग गरि पारदर्शीता कायम गर्नुपर्ने कुरामा जोड दिएको छ । यस्तै स्थानीय तहको सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ ले स्थानीय तहहरुले आफै कानून बनाई सामाजिक जवाफदेहीताका औजारहरु प्रयोग गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ ।

यही नीतिगत व्यवस्था अनुसार जोरायल गाउँपालिका, डोटीले सार्वजनिक सुनुवाई कार्यविधि, २०७८ तयार गरि प्रयोगमा ल्याएको छ । गाउँपालिकाले पारित गरेको कार्यविधिमा वर्षमा तीन पटक फरक-फरक ठाउँमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको भए पनि विविध कारण पहिलो र दोश्रो चौमासिकमा गाउँपालिकाले सार्वजनिक सुनुवाई गर्न सकेन भने तेश्रो चौमासिकमा सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ । आर्थिक वर्षभरीका सबै गतिविधिहरुको सुनुवाई गर्ने गरि गरिएको उक्त सार्वजनिक सुनुवाईमा आएका कुराहरुलाई लिपीबद्ध गरी सम्बन्धित निकायहरुसम्म पुऱ्याउने एवं कमीकमजोरीहरु सुधारका लागि कार्ययोजना निर्माण गर्न सहयोग पुऱ्याउने उद्धेश्यले यो प्रतिवेदन तयार गरिएको हो ।

**कार्यक्रमको लक्ष्य** :- सार्वजनिक सुनुवाई कार्यक्रम गरी जनताका गुनासा तथा जिज्ञासाहरुको उत्तर सम्वन्धित क्षेत्रकै सरोकारवालाहरुबाट दिन लगाउने ।

कार्यक्रमको उद्धेश्यहरु :-

१) सार्वजनिक सुनुवाई गरी जनताका समस्याहरुलाई सम्बन्धित निकायमा पुऱ्याउने ।
२) जनताका समस्या, जिज्ञासा र गुनासाहरु समाधान गर्नका लागि सरोकारवाला सेवाप्रदायकका प्रतिनिधिबाट जवाफ दिन लगाउने ।
३) जनताको सेवामा सरोकारवाला निकायलाई जवाफदेही बनाउने ।

सार्वजनिक सुनुवाई कार्यक्रमका चरणहरु :

क) सार्वजनिक सुनुवाई पहिले तयारी चरण :

१. **नागरिक प्रतिवेदन पत्र तयारी** : जोरायल गाउँपालिकामा सेवा लिन आएका व्यक्तिहरुसँग सेवाको गुणस्तर, सेवाप्रदायकको व्यवहार, सेवाग्राहीले सेवा लिन लागेको समय, सेवाग्राहीको सन्तुष्टि तह लगायतका प्रश्नहरु समावेश गरि उनीहरुको घरमै गएर ३० जना व्यक्तिहरुसँग नागरिक प्रतिवेदन पत्रका लागि सूचना संकलन गरिएको थियो । जोरायल गाउँपालिका डोटीको सार्वजनिक सुनुवाइ कार्यविधी २०७८ को दफा ४ को उपदफा (१) सँग सम्बन्धित अनुसूचि १ अनुसार सेवाग्राहीहरुले दिएको प्रतिक्रियाका आधारमा नागरिक प्रतिवेदन पत्र तयार गरि सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको

थियो । कर्मचारीहरु र जनप्रतिनिधिहरु प्रतिका सेवाग्राहीका गुनासाहरु समेत समावेश गरि तयार गरिएको प्रतिवेदनमा सार्वजनिक सुनुवाईका क्रममा सम्वन्धित जवाफदेही वक्ताहरुले आफ्नो प्रतिक्रिया दिएका थिए ।

२. **मिति, समय र स्थान निर्धारण** : यस चरण अन्तरगत सार्वजनिक सुनुवाईका लागि मिति, समय र स्थानको निर्धारण गरि सेवाग्राही तथा सरोकारवालाहरुलाई सार्वजनिक सूचना जारी गरिएको थियो । सार्वजनिक सुनुवाईका लागि सरोकारवाला र सेवाग्राहीहरुलाई पत्राचार, पालिकाको वेवसाइट, सूचना पाटी र आधिकारिक फेसबुक पेजमा सूचना प्रकाशन तथा एफएम र अनलाइनमार्फत सूचना प्रकाशन/प्रसारण गरी आमन्त्रण गरिएको थियो ।

३. **बहिर्गमन मत संकलन** : जोरायल गाउँपालिका, गाउँपालिकाका ६ वटै वडा र विषयगत शाखाहरुमा सेवा लिन आएका व्यक्तिहरुँग सेवाको गुणस्तर, सेवा प्रदायकको व्यवहार, सेवाग्राहीले सेवा लिन लागेको समय, सेवाग्राहीको सन्तुष्टि तह लगायतका प्रश्नहरु समावेश गरि ३१ जना व्यक्तिहरुसँग बहिर्गमन मत संकलन गरिएको थियो । जोरायल गाउँपालिका डोटीको सार्वजनिक सुनुवाइ कार्यविधी २०७८ को दफा ४ को उपदफा (१) सँग सम्बन्धित अनुसूचि २ अनुसार बहिर्गमन मतबाट आएको सेवाग्राहीहरुको सन्तुष्टि तहको विषयमा पनि गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा प्रतिवेदन सार्वजनिक गरी छलफल गरिएको थियो ।

ख) कार्यक्रम चरण (सार्वजनिक सुनुवाई सञ्चालन चरण) :

यस चरणमा रेडक्रसको सभाहलमा सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । बिहान ११ बजे शुरु गर्ने भनिएको भए पनि सेवाग्राहीहरु र प्रमूख जवाफदेही वक्ताहरु ढिलो गरि आउनुभएका कारण दिउँसो १:३० बजेमात्रै कार्यक्रम शुरु भएको थियो । शुरुमा कार्यक्रमको सञ्चालन पत्रकार झलक बहादुर पालीले गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण पत्रकार कर्ण बहादुर चन्दले गर्नुभएको थियो । त्यसपछि गाउँपालिकाका लेखापाल पालिकाकै काम विशेष पालिका बाहिर रहेकाले लेखा शाखाको आ.व.२०८०/०८१ को कूल आयव्यय प्रतिवेदन हेमा कुमारी कपड्यालले प्रस्तुत गर्नुभयो । त्यसपछि क्रमश: शिक्षा युवा तथा खेलकुद शाखा प्रमूख तेजबहादुर खत्री, स्वास्थ्य शाखा प्रमूख गोबिन्द बहादुर विष्ट, महिला तथा बालबालिका शाखा प्रमूख तुलसी पाण्डे, पशु सेवा शाखा प्रमूख मान बहादुर राना, कृषि विकास शाखा प्रमूख प्रदिप साउँद, सामाजिक सुरक्षा शाखाबाट लक्ष्मण बहादुर पुन, योजना शाखाबाट नरेश भट्ट, न्यायिक समितिबाट कल्पना कुमारी मडै, आयुर्वेद शाखाबाट गोबिन्द धानुक र बहुक्षेत्रीय पोषण कार्यक्रमबाट मिना खत्रीले कार्य प्रगति विवरण प्रस्तुत गर्नुभयो । यस चरणमा सेवाग्राही र सेवाप्रदायकबीच खुला छलफल गरिएको थियो । छलफलमा उठेका सवालहरुको सम्वन्धित सरोकारवाला व्यक्तिहरुले जवाफ दिएका थिए । यसका साथै नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको प्रतिवेदनमाथि पनि छलफल भएको थियो भने अघिल्लो सार्वजनिक सुनुवाइमा आएका सुझावहरु कार्यान्वयको अवस्थाबारे पनि छलफल गरिएको थियो ।

Nolar Media Pvt. Ltd.
Dipayal Silgadhi-6 Doti

## औपचारिक कार्यक्रम सम्बन्धि विवरण

अध्यक्षता : दुर्गादत्त ओझा (जोरायल गाउँपालिका अध्यक्ष तथा प्रमूख जवाफदेही वक्ता)

आशन ग्रहण (जवाफदेही वक्ताहरु) :

जमुना बोहरा (उपाध्यक्ष)
गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)
वडाध्यक्षहरु (वडा नं. १ देखि ६ सम्मका सबै)
कार्यपालिका सदस्यहरु सबै
वडा सदस्यहरु सबै
विभिन्न विषयगत शाखाका प्रमुखहरु
सहभागि सबै

**सुनुवाइ गरिएका विषयवस्तुहरु :**

क) नीति, कार्यक्रम, बजेट र कार्यान्वयनको अवस्था ।
ख) सुशासन
ग) विकास निर्माण
घ) दैनिक प्रशासनिक कार्य
ङ) सेवा प्रवाहको अवस्था
च) लक्षित समुदाय विकास कार्यक्रम
छ) आयआर्जन/सीप विकास कार्यक्रम

**सार्वजनिक सुनुवाई पश्चातको चरण (समिक्षा तथा कार्ययोजना निर्माण चरण) :**

यस चरणमा सार्वजनिक सुनुवाई चरणको समीक्षाका साथै उक्त चरणमा आएका जिज्ञासाहरु, गुनासाहरुलाई सम्वोधन गर्नका लागि के गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

**कार्यक्रम आयोजना स्थल :** जोरायल गा.पा.-३, रावतकट्टे स्थित नेपाल रेडक्रस सोसाइटीको सभाहल ।

**कार्यक्रम आयोजना गरिएको मिति :** वि.सं. २०८१ साल असार ३० गते ।

**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :** ३ घण्टा ३० मिनेट (दिउँसो १:३० बजेदेखि बेलुकी ५ बजेसम्म ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र उत्तर :

| प्रश्नकर्ताको नाम | सोधिएको प्रश्न | उत्तरदाताको नाम र पद | दिईएको उत्तर |
|---|---|---|---|
| सहजकर्ता | गत वर्ष अपाङ्ग कक्ष र जेष्ठ नागरिक कक्ष निर्माण गर्नुपर्ने माग आएको थियो । निर्माण भयो कि भएन ? | गणशेदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत) | अपाङ्गता कक्ष निर्माण भएको छ र जेष्ठ नागरिक कक्ष आगामी आर्थिक वर्षमा निर्माण गर्ने योजना छ । |
| | अनुगमन समिति ठूलो भयो भन्ने गुनासो आएको थियो । कसरी सम्बोधन गर्नुभयो ? | जमुना बोहरा (उपाध्यक्ष) | अनुगमन तथा सुपरीवेक्षण समिति संघीय कानुन अनुसार नै निर्माण भएको छ । हामीले यसमा कम वा घटाउने कुरा गर्न सकिदैन । त्यो संघीय कानुन संसोधन भएपछि मात्रै संसोधन सम्भव छ । नत्र छैन । |
| | अध्यक्ष ज्यूसंगको भेटघाट हुन गाऱ्हो छ भन्ने गुनासो थियो । भेटघाट बढाउनु भयो त ? | दुर्गादत्त ओझा (अध्यक्ष) | काम गर्नका लागि म जनताको बिचमा नियमित रुपमा गईरहेको छु । भेटघाट पनि नियमित भईरहेको छ । तर गफगाफ गर्नकै लागि भने गएको छैन । |
| मानबहादुर खड्का | कृषि शाखाको १९ लाख ६७ हजार रुपैयाँ फ्रिज किन भयो ? | कृषि शाखा प्रमूख प्रदिप साउँद | कार्यक्रम राखिएको थियो तर बजेट नआएका कारण हुन सकेन । त्यसैले खर्च हुन नसकेको देखिएको हो । तर फ्रिज भएको होईन । |
| | जोरायलमा जलवायु परिवर्तन सम्बन्धी काम गर्ने निकाय कुन हो ? गत वर्ष पनि एक करोड र यो वर्ष पनि ९८ लाख खर्च भएको भन्ने आएको छ, यसमा के के काम हुन्छ ? वडा नं. ४ मा मात्रै गर्न मिल्ने हो कि अन्य वडामा पनि काम हुन्छ ? | चन्द्र बहादुर सार्की नेपाल जलवायु नमूना कार्यक्रम फोकल पर्शन | यो कार्यक्रम गाउँ कार्यपालिकाले निर्णय गरेका ठाउँमा कार्यान्वयन हुन्छ । कार्यपालिकाको निर्णय अनुसार नै वडा नं. ४ का ३ वटा ठाउँमा कार्यक्रमहरु सञ्चालन हुँदैछन् । सिचाई, कृषि, पशु आहार, कृषि तथा पशुपंक्षी बिमा कार्यक्रम भईरहेको छ । माटो परीक्षणको कार्य भएको छ । आगलागी न्यूनीकरण र रसायनिक मलको प्रयोगलाई निरुत्साहित गर्ने काम भईरहेको छ । |
| | चनकट्टेमा निर्माणाधीन १५ शैयाको अस्पताल किन बनेन ? किन गाउँपालिकाले ठेकेदारलाई कारवाही गर्न सकिरहेको छैन ? | दुर्गादत्त ओझा (अध्यक्ष) | नियमानुसार उनीहरुले म्याद थप पाउने व्यवस्था हुने रहेछ । हामीले कालोसूचीमा राख्ने गरी अब प्रक्रिया अगाडी बढाउँदैछौं । पेश्की लगेका छन् तर कार्यान्वयन हुन सकेको छैन । |
| | अस्पतालमा सामान्य प्रकारको औषधी पनि पाईदैन, किन ? | गोबिन्द विष्ट (स्वास्थ्य शाखा प्रमुख) | स्थानीय तहले ५५ प्रकारका औषधी मात्र दिन मिल्ने भएको छ । गाउँपालिकाभित्र औषधी अभाव छ जस्तो मलाई लाग्दैन । |
| | स्थायी कर्मचारी आईसकेपछि पनि करारमा कर्मचारी राखिराख्नु पर्ने कुरा के हो ? | दुर्गादत्त ओझा (अध्यक्ष) | नेपाल सरकारको मापदण्ड अनुसारको दरबन्दीमा भएका कर्मचारीले मात्रै नभ्याउने भएर राखेको हो । राख्न आवश्यक छ । |

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

| | | | |
|---|---|---|---|
| मानबहादुर खड्का | क्याम्पसको भवन निर्माणका लागि जग्गा खोज्नु पऱ्यो ? | दुर्गादत्त ओझा (अध्यक्ष) | जग्गा पाउने बित्तिकै हामी निर्णय गरेर खरीद गर्छौं भन्ने हाम्रो समझदारी छ । जग्गा खोजिरहेका छौं, एक दुई ठाउँमा कुरा पनि चलेको छ, त्यस विषयमा हामी तयार छौं । |
| मानबहादुर खड्का | खेलकुदग्रामको खेल मैदान निर्माणको काम किन हुन सकिरहेको छैन ? | | डिपिआर बनेको छ । यस वर्ष केही काम भएको पनि छ, यसका लागि संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरेर निर्माण हुन्छ । टेण्डर प्रक्रिया झण्झटिलो छ, अख्तियारमा अनावश्यक मुद्धाहरु छन्, हामीले काम गर्न चाहे पनि संघीय कानुनले केही कुरा रोक्ने गर्छ । |
| घनश्याम ओली | राष्ट्रपति रनिङ्ग शिल्डले गर्दा पढाईमा बाधा हुन्छ, यसलाई चैत्र, बैशाखतिर गर्दा राम्रो हुने थियो कि ? | तेजबहादुर खत्री शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | यो स्थानीय तहले मात्र अगाडी गरेर हुँदैन । स्थानीय, प्रदेश र संघको कार्यतालिका सँग मिल्नु पर्छ । परीक्षामा असर परेको हामीले पनि महसुश गरेका छौं । |
| | प्रत्येक वडामा प्रत्येक वर्ष डोजर भाडामा लिएर काम गर्नुभन्दा गाउँपालिकाले आफै डोजर खरीद गर्नुपर्ने सुझाव छ । | दुर्गादत्त ओझा (अध्यक्ष) | डोजर किनेको ठाउँमा पनि समस्या देखिएको छ । प्रत्येक वर्ष यस विषयमा कुरा पनि उठ्छ, यसलाई व्यवस्थापन गर्न त्यत्तिकै गाह्रो छ । एउटा डोजरले ६ वडाका विभिन्न सडकमा भ्याउन पनि सकिँदैन । यसकारण पनि डोजर खरीद गरेका छैनौं । |
| | कृषि प्रदर्शनी मेला निरन्तर गर्नुपर्ने । | दुर्गादत्त ओझा (अध्यक्ष) | यो राम्रो सुझाव आएको छ, यसलाई कार्यान्वयनमा ल्याउने प्रयास गर्नेछौं । |
| | मालपोत कर महङ्गो भयो । | जमुना बोहरा (उपाध्यक्ष) | हामीले जग्गा वर्गीकरण गरेका छौं, सोही अनुसार कर लगाईएको छ । जिल्लाका अन्य पालिकाको भन्दा कम छ, राजश्व परामर्श समितिले सिफारिस गरेकै आधारमा कर निर्धारण गरिएको हो । |
| सहजकर्ता | म.ले.प. प्रतिवेदन अनुसार जोरायलमा पनि वेरुजु धेरै देखिन्छ । फच्र्यौटका लागि के गर्नुभएको छ ? | गणेशदत्त भट्ट (प्र.प्र.अ.) | बेरुजु फच्र्यौटका लागि हामीले सम्वन्धित व्यक्ति तथा सँस्थालाई पत्राचार गरिसकिएको छ । नियमित गर्नुपर्ने बेरुजुको विषयमा हामीले कागजातहरु तयार गरेका छौं । कतिपय बेरुजु घटाईसकेका छौं । त्यसमा सुधार भैरहेको छ । |
| मानबहादुर खड्का | योजनाहरुको अनुगमनको काम उपाध्यक्षले गर्नुहुन्छ, सवै योजना अनुगमन गर्नुहुन्छ कि कुनै-कुनै योजनाको मात्रै ? सबै योजनामा काम पूरा भएको हुन्छ त ? | जमुना बोहरा उपाध्यक्ष | ३ लाखभन्दा तलका योजनाको अनुगमन वडाले गर्छ । सोभन्दा माथीका योजना हामीले गर्छौं । आवश्यक भए ३ लाख तलका योजना पनि हेर्छौं । स्थानीय सरकार संचालन ऐनमा व्यवस्था छ । स्टीमेट अनुसार भएको कामको मात्र भुक्तानी गर्न हामीले सिफारिस गर्छौं । |

| | | | |
|---|---|---|---|
| टेकबहादुर मल्ल | गाउँपालिकाबाट हामी सेगुनी गाउँबासीले के योगदान पायौं ? | दुर्गादत्त ओझा अध्यक्ष | विद्यालयको योजना, खानेपानी, सिचाई कुलो, सडक सबै छ, के गरेका छैनौं सेगुनीमा ? हामीले कुनै दल विशेष हेर्दैनौं । |
| शिव ओली | पोषणमा सुधारका लागि के काम गर्नुहुन्छ ? | तुल्सी पाण्डे महिला तथा बालबालिका शाखा प्रमूख | बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भैरहेको छ । पोषण कर्नर बनाएका छौं । एक घर एक धारासंगै करेसाबारी बनाईएको छ । |
| | परम्परागत हानिकारक अभ्यास न्यूनीकरण गर्नमा के गरिरहनुभएको छ ? | | छाउपडि प्रथा र बालविवाह विरुद्ध अभियान सञ्चालन भईरहेको छ । केही टोलहरु हामीले छाउपडि गोठमुक्त टोल घोषणा गरेका छौं । सचेतनामूलक विभिन्न कार्यक्रम पनि जारी छन् । |
| मानबहादुर खड्का | पशुपालनमा जाने अनुदानका लागि छनौट प्रक्रिया के हो ? | मानबहादुर राना (पशु सेवा शाखा प्रमूख) | हामीले दिने भनेको प्रोत्साहन अनुदान हो । अनुदान प्राप्तकर्तासंग हामीले निवेदन माग गर्छौं, अनुदान प्राप्तकर्ताले गरेको उत्पादनका आधारमा अनुदान दिन्छौं । आवेदन दिने मान्छे कोही पनि फिर्ता भएको छैन । फर्म भने आधिकारिक दर्ता भएको हुनुपर्छ । |
| सहजकर्ता | सवारी साधन मर्मत र ईन्धनमा नियम बिपरित खर्च गर्ने गरेको भन्ने म.ले.प.को प्रतिवेदनमा देखिन्छ त ? | गणेशदत्त भट्ट (प्र.प्र.अ.) | सवारी मर्मत र इन्धनको कामा कार्यादेश अनुसार नै खर्च हुन्छ । मलेपको प्रतिवेदनमा कसरी आयो, त्यो थाह भएन । तर म यस पालिकामा आईसकेपछि इन्धन र मर्मत दुवैलाई मेरो कार्यादेश अनुसार नै खर्च गर्ने गरेको छ । काम विशेषले मात्रै खर्च हुन्छ । |
| | गाउँसभाबाट अवण्डा शिर्षकमा खर्च गर्ने गरेको गुनासो छ । के हो खास कुरा ? | दुर्गादत्त ओझा (अध्यक्ष) | समपुरक अनुदानका लागि केही रकम राख्नुपर्ने हुन्छ । तर अवण्डा शिर्षकमा हामीले बजेट विनियोजन गरेका छैनौं । सबै योजना बनाएर बजेट विनियोजन हुन्छ । |
| सहजकर्ता | मन्दिरको सर्वेमा गाउँपालिकाको प्राविधिक हुँदाहुँदै बाहिरबाट किन आउँछन् ? | नरेशकुमार भट्ट (इन्जिनियर) | प्रदेश र संघीय अनुदानबाट आएका योजनाहरुको प्राविधिहरु पनि उतैबाट आएर काम गर्छन् । |
| | प्राविधिकले घुस खायो भन्ने कुरा किन पटक-पटक उठ्छ ? | | प्राविधिकलाई सधै किन यस्तो प्रश्न गर्छन् ? कि त कोहि कर्मचारी हुन् कि ? होइन भने फलानो प्राविधिकले फलानो योजनामा यति रकम घुस खाएको भन्नुपर्‍यो । होइन भने मैले गत वर्ष पनि भनेको थिए । योजनाको काममा आएका उपभोक्ता समितिका मान्छेहरु आफु होटलमा बस्छन्, मज्जाले खानपिन मोजमस्तीमा रकम सिध्याउँछन् र बाहिर प्राविधिकले पैसा खायो भन्छन् । यो प्रश्न कुन व्यक्तिको पूर्वाग्रह हो । सकभर त्यो मान्छे उपभोक्ता समितिको मान्छे पनि नहुन सक्छ । |

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

सार्वजनिक सुनुवाई कार्यक्रमबाट आएका सुझावहरु :

- गाउँपालिका क्षेत्रभित्र विद्युतीकरण हुन बाँकी क्षेत्रमा विद्युत विस्तार गर्नुपर्ने ।
- गाउँपालिका क्षेत्रभित्र मोबाइल फोन नेटवर्क सुधार र इन्टरनेट सुविधा प्रभावकारी बनाउन पहल गर्नुपर्ने ।
- गाउँपालिका, शाखाहरु र वडालाई प्रविधिमैत्री बनाउनुपर्ने ।
- वर्षातमा अवरुद्ध हुने ग्रामीण बाटोघाटोहरु सुचारु गर्न ध्यान दिनुपर्ने ।
- कृषि र भेटेरीनरी सम्बन्धी कर्मचारीलाई नियमित फिल्डमा पनि पठाईएनुपर्ने ।
- विनियोजित योजना र बजेट हुबहु कार्यान्वयन हुनुपर्ने ।
- पूराना योजना मर्मतका लागि पनि बजेट विनियोजन गरिनुपर्ने ।
- कार्यालयको प्रशासनिक कामकाज नियमित र व्यवस्थित गर्नुपर्ने ।
- पालिकाले आफ्नै जेसिबी खरिद गरी काम गर्नुपर्ने ।
- अभाव रहेका ऐन, कानुन, कार्यविधी तत्काल निर्माण गरी कार्यान्वयन गरिनुपर्ने ।
- अनलाइन कारोबार सुविधामा जोड दिनुपर्ने ।
- बजेट कार्यकर्तामूखी नभई जनमूखी बनाउनुपर्ने ।
- भौगोलिकता र जनसंख्या हेरी योजना र बजेट विनियोजन हुनुपर्ने ।
- मालपोतमा सहुलियत सहित सुधार हुनुपर्ने ।
- गाउँपालिका स्तरमै राष्ट्रिय परिचय पत्र वितरणका लागि पहल गर्नुपर्ने ।
- घोरडी सडकमा पुल निर्माण र स्तरोन्नती गरिनुपर्ने ।
- दर्ता गरेका निवेदनको सुनुवाइ हुनुपर्ने ।
- खानेपानीको अवस्थामा सुधार गरिनुपर्ने ।
- शिक्षा र कृषि क्षेत्रमा सुधारका लागि बढी जोड दिनुपर्ने ।
- घोरेटो बाटोहरु पनि सुधार गरिनुपर्ने ।
- कृषि उत्पादनको बजारीकरणमा जोड दिनुपर्ने ।
- कृषकहरुलाई बिउँबिजनका लागि सहयोग गर्नुपर्ने ।
- केहि कर्मचारीको बोली व्यवहारमा सुधार गरिनुपर्ने ।
- भुक्तानी प्रक्रिया ढिलो र झन्झटिलो भएकाले सहज गरिनुपर्ने ।
- गाउँपालिकाका सूचनाहरु आम जनतासम्म पुर्‍याउन जोड दिनुपर्ने ।
- सहकारीमा लगानी गर्नुपर्ने ।
- बेरुजु धेरै देखिने हुँदा सुधार गरिनुपर्ने ।
- योजना निर्माण गर्दा राजनीतिक दलहरुसँग पनि राय लिनुपर्ने ।

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

अघिल्लो सार्वजनिक सुनुवाईमा आएका सुझाव कार्यान्वयनको अवस्था :

| प्राप्त सुझावहरु | कार्यान्वयनको अवस्था |
|---|---|
| कार्यालय परिसरमा पार्किङ्गको व्यवस्था हुनुपर्ने | व्यवस्थित कार्यान्वयन नभएको |
| बाटो सुधार नभएको (सबै वडासम्म नियमित गाडी नचलेको) | वर्षातको समयमा कार्यान्वयन गर्न नसकिने |
| लेखा अधिकृत र लेखापाल नभएकोले छिटो कर्मचारी ल्याउनुपर्ने । | कर्मचारी अभाव नै रहेको |
| अनुगमन समिति धेरै ठूलो भएकोले संख्या घटाउनुपर्ने । | संघीय कानुन अनुसार नै भएको |
| योजनाहरु जेठ मसान्तसम्म निर्माण गरिसक्ने गरि सम्झौता गर्नुपर्ने । | पहिले झैं भैरहेको |
| कर्मचारीको नियुक्ती निश्पक्ष हुनुपर्ने । | निश्पक्ष नै हुने गरेको |
| कार्यालयमा ईन्टरनेट प्रभावकारी बनाउनुपर्ने । | सुधारको प्रयास जारी रहेको |
| अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यकक्षसम्म सहजै पुग्ने व्यवस्था मिलाउनु पर्ने । | सहयोग गर्ने गरिएको |
| प्रविधिको पहुँच बृद्धि गर्नुपर्ने । | भैरहेको |
| जेष्ठ नागरिक सेवाग्राहीका लागि विश्राम कक्षको व्यवस्था हुनुपर्ने । | तयारी रहेको |
| कार्यालयको वेवसाईट नियमित अपडेट हुनुपर्ने । | भैरहेको |
| कानून नीतिहरु राजपत्रमा प्रकाशन भएपछि मात्र लागु गर्नुपर्ने । | भैरहेको |
| विकास निर्माणमा जनसहभागिता बढाउनुपर्ने । | भैरहेको |
| योजनाको भुक्तानी दिँदा अनावश्यक झन्झट गर्न नहुने । | प्रक्रिया अनुसार काम हुने गरेको |
| कार्यालयमा हुने ढिलासुस्ती हटाउनु पर्ने । | प्रक्रिया मिलेको काम समयमै हुने गरेको |
| प्राथमिक स्वास्थ्य केन्द्रमा बिरामीका लागि वेड संख्या बढाउनुपर्ने । | व्यवस्थापन भैरहेको |
| प्रमुख प्रशासकीय अधिकृत र लेखापालले समय मिलाएर मात्रै बाहिर जानुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत र लेखापालका कारण सेवाग्राहीको काममा ढिलाई नभएको |
| सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यक्रम समयमै सञ्चालन गरिनुपर्ने र फरक फरक ठाउँमा सञ्चालन गरिनुपर्ने । | कार्यक्रम भैरहेको । तर नीतिगत रुपमा तोकिएको समयमा, तोकिएको संख्यामा र फरक ठाउँमा सञ्चालन हुन नसकेको । |

Najar Media Pvt. Ltd.
Dipayal Silgadhi-6 Doti

अन्त्यमा,

सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता औजारको प्रयोग गरी सुशासन, पारदर्शिता, जवाफदेहिता, रचनात्मक सुझाव सहितको मार्गदर्शन र आगामी कार्ययोजना निर्माण तथा कार्यान्वयनमा महत्वपूर्ण सहयोग पुग्ने गर्दछ । जोरायल गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । सार्वजनिक सुनुवाईमा महत्वपूर्ण सुझावहरु पनि आएका छन् । ति सुझावहरुको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको रहेको छ । जनताका जायज गुनासाहरु सम्बोधन गर्न सके सुशासन कायम राख्न सकिन्छ भन्ने कुरा हामी सबैले बुझ्नु जरुरी छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्न नजर मिडिया प्रा.लि. डोटीलाई अवसर प्रदान गरेकोमा जोरायल गाउँपालिकाप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै कार्यक्रमलाई सजिलो बनाउनमा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझा, उपाध्यक्ष जमुना बोहरा, प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त भट्ट, ६ वटै वडाका वडाध्यक्षहरु, जनप्रतिनिधिहरु, शाखा प्रमुखहरु, कर्मचारीहरु र सम्पूर्ण सहभागि महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

Najar Media Pvt. Ltd. Dipayal Silgadhi-6 Doti

झलक बहादुर पाली
(प्रतिवेदक)

जोरायल गाउँपालिका डोटीको आ.व.२०८०/०८१ को सार्वजनिक सुनुवाइ कार्यक्रमका फोटोहरु :




*आशन ग्रहणका क्रममा अध्यक्ष श्री दुर्गादत्त ओझा, उपाध्यक्ष श्री जमुना बोहरा ।*




*सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरु ।*

Najar Media Pvt. Ltd.
Dipayal Silgadhi-6 Doti